२०८२।०३।३१। प्रमाणित

# सिलीचोङ गाउँपालिका उपाध्यक्ष श्री देविता राईज्युले पेश गर्नु भएको बजेट बक्तब्य

**आ.व.२०८२।०८३**

सिलीचोङ गाउँपालिकाको आ.व. २०८२/०८३ को बजेट बक्तब्य

२०८२।०३।३१। प्रमाणित

सभामा प्रस्तुत मितिः२०८२।०३।१०
सभामा स्विकृत मिति२०८२।०३।३१

सम्मानित गाउँसभाका अध्यक्ष महोदय,
गाउँसभा सदस्य ज्यूहरु ।

यस गरिमामय गाउँसभाको १७ औं अधिवेशनमा सिलीचोङ गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामि आ.व. २०८२/०८३ को बजेट प्रसतुत गर्न उपस्थित भएकी छु।

यस अवसरमा लोकतन्त्र प्राप्ती तथा गणतन्त्र स्थापनाका लागि बिभिन्न काल खण्डमा भएका राजनैतिक आन्दोलनका क्रममा जिवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु।

गाउँपालिकाको सर्वाङ्गिण बिकासमा देखिएका समस्या एवं चुनौतीलाई यसै बजेट मार्फत संघीय सरकार, प्रदेश सरकार तथा अन्य संघ संस्थाहरुको समन्वय, सहकार्यमा संवोधन गर्नु पर्ने आवश्यक ठानेकी छु।

गाउँपालिकाको सबल अर्थतन्त्र निर्माण गरि भौतिक पुर्वाधार मैत्री आगामी आर्थिक वर्षको बजेट निर्देशित गरिएको छ। गाउँपालिकाको बिकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा सिमान्तकृत तथा पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउनका साथै भुगोल सुहाउदो बजेट तथा कार्यक्रम लक्षित गरिएको छ।

आगामी बजेट गाउँपालिकाको समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ। प्रतिस्पर्धी क्षमता तथा तुलनात्मक लाभ, उच्च लाभ भएका क्षेत्रको प्रबर्धन गर्ने, युवाहरुलाई आफ्नै क्षेत्रमा आर्थिक गतिबिधीमा आवद्ध हुन अभिप्रेरित गर्ने, उद्यमशिलता बिकास गरि गरिवी न्यूनीकरण गर्ने, सार्वजनिक सम्पतीको जगेर्ना गर्ने, श्रोत साधनको प्रभावकारी एवं परिमाणमुखी परिचालन गर्ने दिशामा बजेट उन्मुख रहेको छ।

बजेट तर्जुमा गर्दा नेपालको संबिधान, हाल सालै निर्माण गरिएको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, दिगो बिकास लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन २०७४, गाउँपालिका भित्र रहेका स्थानीय टोल टोल बाट संकलित माग तथा सम्पुर्ण स्थानीयहरुको माग तथा आपेक्षा, राजनैतिक दलहरुको प्रमुख तथा प्रतिनिधीरु, बुद्धिजिवीहरु, संघ संस्था, समाज सेवी, सञ्चार कर्मी तथा बुद्धिजिवीहरुको राय सुझावको आधारमा बनाईएको छ।

आगामि आर्थिक वर्षको बजेट तर्जुमा गर्दा सिलीचोङवासीहरुको आपेक्षलाई संबोधन गर्ने र बिगतमा देखिएका समस्यहरुलाई हटाई जनतामा आशा भरोशाको संचारलाई ब्यवस्थित गर्ने, राजनैतिक दल, कर्मचारी प्रशासन, संघ संस्था, निजी क्षेत्र, नागरिक समाज, बिकास साझेदार, सञ्चार जगत र आमनागरिकहरुको सहयोग र ऐक्यवद्वताबाट बिद्यमान चुनौती सामना गर्दै बजेटले लिएको लक्ष्य हासिल गर्न सकिने विश्वास लिईएको छ।

आन्तरिक आय कम हुनका कारण प्रसस्त मात्रमा लगानी गर्न सकिएको छैन, आन्तरिक आय बृद्धि गर्न राजश्व सुधारका लागि करको दायरा बिस्तार गरि राजश्व परिचालन गर्नु पर्ने आवश्यकता रहेको महशुस गरिएको छ।

सभा अध्यक्ष ज्यु
संक्षेपमा यस पालिकाको संभावना र चुनौतीः

**संभावनाः** हाम्रो गाउँगाउँपालिका प्राकृतिक सम्पदाले भरिपुर्ण छ । यहाँको खोलानालाको सहि सदुपयोगबाट उर्जाबिकास, जडिबुटी, अल्लो, रुद्राक्ष, अलैची, चिराईतो जस्ता उच्च मुल्य भएका वस्तु, आन्तरिक तथा वाह्य पर्यटन प्रबर्धन साथै फलफुल तथा निर्यात मुखी खेतीले यस पालिकालाई समृद्ध तथा सुखी सिलीचोङ बनाउन सक्छौ ।

**चुनौतीः** धैरै छरिएर बनेको भौगोलिक बिकटता, भौतिक पुर्वाधारको कमि, दक्ष जनशक्तिको पलायन, उत्पादनशिल भुमिको कमि, प्राकृतिक बिपती ब्यवस्थापन गर्न चुनौती रहनु, शासकीय क्षमता अभिबृद्धि तथा सुशासन सुव्यस्थित गर्नु जल्दो बल्दो जनताको आम आपेक्ष सम्बोधन गर्नु मुख्य चुनौतीको रुपमा रहेको भने यिनै चुनौतीहरुलाई दृढताका साथ सामाना तथा व्यवस्थापन गर्नको बिकल्प छैन । आम नागरिकहरुको सुरक्षा, आवश्यकताको सम्बोधन गर्ने प्रयत्न गर्दै जाने प्रतिबध्दताका साथ सबै नागरिकहरुको साथ सहयोगको आपेक्ष राख्दछु ।

**बजेटका लक्ष्य तथा उदेश्यः**

उल्लेखित चुनौतीको सामना गर्दै प्राप्त अवसरलाई सहि सदुपयोग गरि समृद्ध सिलीचोङ निर्माणमा मैले देहायका मुख्य शिर्षकहरुलाई आधारमा बजेट प्राथमिकतामा राखी लक्ष्य र उदेश्यको रुपमा राखेको छु ।

- भुगोल सुहाउदो गुणस्तरीय भौतिक योजना निर्माण गर्ने ।
- गुणस्तरीय शिक्षा तथा स्वास्थ्य प्रदान गर्ने ।
- दिगो, समाबेशी उच्च आर्थिक बृद्धि गर्ने ।
- रोजगार सिर्जना गरि जिवनस्तर सुधार ल्याउने ।
- गाउँपालिका द्धारा प्रदान गर्ने सेवामा आमनागरिकहरुको पहुँच बृद्धि गर्ने ।
- स्वाच्छ हराभरा पालिकाको निर्माण गर्ने ।
- कृषिमा आधुनिकीकरण गरी कृषकको जिवन सुधार ल्याउने ।

**बजेटका मुख्य प्राथमिकता**

- भौतिक पुर्वाधारमा लगानी ।
- स्वास्थ्य तथा शिक्षामा लगानी ।
- सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार ।
- कृषि आधुनिकीकरण र व्यवसायीकरण ।
- सामाजिक सुरक्षा ।
- लैगिक तथा सामाजिक समावेशीकरण ।

सभाध्यक्ष महोदय,
सम्मानित सभाका सदस्यज्यूहरु ।

अब यिनै चुनौती, संभावना र उदेश्यको सेरोफेरोको सिलीचोङ गाउँपालिकाले गाउँसभाको १७ औं अधिबेशन मार्फत रु. ४४ करोड ८० लाख ९४ हजार ६० रुपैयाको बजेट संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## र तर्फ

| विवरण | | रकम | कैफियत |
|---|---|---|---|
| संघ | समपुरक | १३९००००० | १ करोड ३९ लाख रुपैया |
| | सशर्त अनुदान चालु | १५६४००००० | १५ करोड ६४ लाख रुपैया |
| | सशर्त अनुदान पुँजी | १०००००००० | १ करोड रुपैया |
| | समानिकरण अनुदान | १०१२००००० | १० करोड १२ लाख रुपैया |
| | राजश्व वाँडफाँड | ९५८७२७६३ | ९ करोड ५८ लाख ७२ हजार ७ सय ६३ रुपैया रुपैया |
| | विषेश अनुदान | ६८०००००० | ६८ लाख रुपैया |
| प्रदेश | समानिकरण अनुदान | ९०००००० | ९० लाख रुपैया |
| | सवारी साधन करको वाँडफाड | ७४३४००० | ७४ लाख ३४ हजार रुपैया |
| | समपुरक | १६०००००० | १ करोड ६० लाख रुपैया |
| | सशर्त अनुदान पुँजी | ७५०००० | ७ लाख ५० हजार रुपैया |
| | सशर्त अनुदान चालु | २६५००० | २ लाख ६५ हजार रुपैया |
| आन्तरिक श्रोत | अघिल्लो आ. व. को अल्या | २७९७२२९७ | २ करोड ७८ लाख नौ हजार २ सय ९७ रुपैया |
| | राजश्व अनुमान | २५००००० | २५ लाख रुपैया |
| **जम्मा अनुमानित आय** | | **४४८०९४०६०** | **४४ करोड ८० लाख ९४ हजार ६० रुपैया** |

## ब्यय तर्फ

### सशर्त/ समपुरक/बिशेष अनुदान बजेट

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त समपुरक/बिशेष अनुदान रकम बजेट सम्बन्धित योजना तथा कार्यक्रम संघीय तथ प्रदेश सरकारको ऐन, नियमावली, निर्देशिका तथा कार्यबिधीको परिधी भित्र रही कार्यन्वय गरिने छ ।

| व्यय शिर्षक | रकम |
|---|---|
| समपुरक अनुदान संघ | १३९००००० |
| सशर्त अनुदान चालु संघ | १५६४००००० |
| सशर्त अनुदान पुँजी संघ | १०००००००० |
| विषेश अनुदान संघ | ६८०००००० |
| सार्वजनिक सेवा तथा क्षमता बिककास | **६९६३६०००** |
| लैंगि तथा क्षमता बिकास | १०२७०००० |
| स्वास्थ्य तथा जनसंख्या | १६८५५३८१ |
| बैकल्पिक चिकित्सा तथा आयुर्वेद | ५००००० |
| शिक्षा मानव संशाधन | २००२०१०० |

| | |
|---|---|
| खेलकुद बिकास | १८००००० |
| कृषि सेवा | ४४३९२५२ |
| पशु सेवा | ३३३५००० |
| गरिवी निवारण तथा सहकारी | ४००००० |
| पर्यटन बिकास | २४५०००० |
| उद्यम बिकास | १२००००० |
| वन वातावरण तथा विपद व्यवस्थापन | २३००००० |
| अपांगता रोक थाम तथा पुनर्स्थापना कार्यक्रम | ९०७००० |
| भौतिक पुर्वाधार बिकास | १०९८६६३२७ |
| समपुरक प्रदेश | १६०००००० |
| सशर्त अनुदान पुँजी प्रदेश | ७५०००० |
| सशर्त अनुदान चालु प्रदेश | २६५००० |
| **जम्मा व्यय** | **४४८०९४०६०** |

अव म आगामी आर्थिक वर्ष २०८२/०८३ मा संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त बित्तिय समानिकरण र राजश्व वाँडफाँड तथ गाउँपालिकाले उठाउन सक्ने राजश्वबाट प्राप्त अनुमानित रकमबाट गाउँपालिकाले आ.व. २०८२/०८३ को लागि बिनियोजन गरेको मुख्य मुख्य क्षेत्रगत योजना, कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**आर्थिक बिकासः**

**कृषि बिकास तथा कृषि प्रवर्धन कार्यक्रमः** सिलीचोङ गाउँपालिकाको मुख्य आर्थिक श्रोतको रुपमा कृषि क्षेत्रलाई लिईन्छ कृषि क्षेत्रको बिकास बिना समृद्ध सिलीचोङको परिकल्पना गर्न असंभछ । तसर्थ उक्त क्षेत्रमा उत्पादन भई आय आर्जन गर कृषकहरुको आर्थिक स्तर बृद्धि गर्न सकिने तथा आयत प्रतिस्थापन गर्न सकिने प्याज, लसुन, अदुवा जस्ता मसला बाली खेत प्रबर्धन तथा प्रोत्साहन गरिनेछ । उच्च मुल्यमा निर्यात सहज हुने कफी खेती प्रबर्धन तथा बिस्तार गरिनेछ । खाद्य सुरक्षा प्रदान गर्नक लागि रैथाने बाली प्रबर्धन, उन्नत खेती बिकासमा आवश्यक बीउ, औजार, टनेल अनुदान, बाली संरक्षणका लागि निःशुल्क औषधी वितरण तथा कृषि प्रसारमा आवश्यक कृषक सचेतना अभबृद्धिका लागि तालिम कृषकहरुलाई खेतबारीमा प्राबिधिक सेव लगायतको सेवा प्रदानका लागि रकम रु. ४४ लाख ४० हजार रुपैया बिनियोन गरेको छु ।

**ख. पशु बिकास तथा प्रबर्धन कार्यक्रमः** सिलीचोङ गाउँपालिका पशु पालनका लागि उपयुक्त क्षेत्र भएको हुदाँ गाउँपालिक मासुमा आत्म निर्भर भई मासु निर्यातका लागि मासु प्रबर्धनात्मक कार्यक्रम गरिने छ । जसका लागि निर्यात प्रबर्धनमा टेवा पुर्याउ खालका बाख्रा पालनमा आवश्यक फर्म बिकास गरिनेछ । जसका लागि कृषकहरु संग साझेदारीमा आधुनिक खोर निर्माणम अनुदान सहयोग प्रदान गरिनेछ । पशुपंछीको रोग रोकथामका लागि आवश्यक खोप ब्यवस्थापन गरिनेछ । मानव स्वास्थ्यमा गम्भि रुपमा असर गर्ने रेबिज रोग बिरुद्ध घरपालुवा कुकुर, बिरालोहरुलाई निःशुल्क खोप प्रदान गरिने छ । पशु स्वास्थ्य उपचारमा आवश

औषधी तथा प्राबिधिक सेवा समेत निशुल्क प्रदान गरिनेछ । जसका लागि रकम रु. ३३ लाख ३५ हजार रुपैया मात्र बिनियजन गरेको छु ।

**शिक्षा तथा मानव संशाधन बिकास:** मानव संशाधन बिकासका लागि शिक्षामा लगानी अपरिहार्य छ । तसर्थ सिलीचोङ गाउँपालिकाले शैक्षिक क्षेत्रमा बिगत देखि प्रशस्त मात्रमा लगानी गरिरहेको छ । स्थानीय पाठ्यक्रम निर्माण, दिर्घकालिन शैक्षिक योजना निर्माण गरि योजनागत रुपमा शैक्षिक बिकास, उत्कृष्ट प्रधान अध्यपक सम्मान, अंग्रजी, गणित, बिज्ञान अध्यपन गर्ने शिक्षकहरुका लागि प्रोत्साहन, कक्षा ८ उतिर्ण तथा SEE मा उत्कृष्ट हुने बिद्यार्थीहरुलाई पुरस्कृत कार्यक्रम राखिनेछ । गाउँपालिका भित्रका उच्च प्राबिधिक शिक्षामा जनशक्ति उत्पादनका लागि ईन्जिनिरिङ, चिकित्सक, सुचना प्रबिधी, कृषि बिषयमा अध्ययन गर्न चाहने बिद्यार्थीहरुका लागि छात्रबृती बितरण कार्यक्रम शैक्षिक गुणस्तर बृद्धिका लागि पालिका मार्फत प्रदान गरिएका शैक्षिक अनुदान लगायत कार्यक्रमका लागि रु. २ करोड २० हजार १ सय रुपैया बिनियोजन गरेको छु ।

**स्वास्थ्य तथा जनसंख्या:** विपन्न नागरिक जटिल तथा दिर्घ रोगीहरुका लागि आर्थिक सहयोग वितरण, गर्भवति आमाहरुलाई निशुल्क क्याल्सियम चक्की खरिद तथा ढुवानी, सुत्केरी आमाहरुको लागि सुत्केरी प्रतिक्षालयमा खाना बस्न व्यवस्थापन खर्च आधारभूत सेवाका लागि निःशुल्क आकस्मिक औषधी खरिद तथा ढुवानी, एम्बुलेन्स सञ्चालन अनुदान तथा सामुदायिक स्वास्थ्य ईकाइमा कार्यरत कर्मचारीको तलव भत्ताको लागि रकम रु.१ करोड ८७ लाख ३ सय ८१ रुपैया बिनियोजन गरेको छु ।

**भौतिक पुर्वाधार बिकास:** सिलीचोङ गाउँपालिकाले भौतिक पुर्वाधार बिकासकामा बिगत आ.व. देखि बजेटको अधिक अंश बिनियोजन गरिदै आएको छ । बिगत आ.व. हरुबाट सञ्चालनमा आएका पालिकाका गौरवका योजनाहरु मध्ये सिसुवाखोला मोटरेवल पुल, सङ्खुवादोभान बेलीब्रिज, माङ्तेवा स्वास्थ्य चौकी, सिलीचोङ समाज विकस केन्द्रको भवन निर्माण योजना, दिबुङ सामुदायिक स्वास्थ्य ईकाइ, दाङ्खिला सामुदायिक स्वास्थ्य ईकाइ निर्माण योजनाहरु चालु आ.व.२०८१/०८२ मा सम्पन्न हुने छन् भने सम्पन्न हुन नसकेका केही योजनाहरुको लागि आवश्यक बजेट ब्यवस्था गरिको छ । ठुला तथा पालिकाको गौरवका योनजनाहरु धैरै सम्पन्न भई सकेको हुदाँ आगामी आ.व. ०८२/०८३ मा ताम्कु स्थित ५ शैयाको अस्पताल, सिलीचोङ १ र जोड्ने बखल्टुम बेलीब्रिज, वडा नं. ५ याफुको वडा कार्यालय जस्ता ठुला आयोजना, आ.व. ०८२/०८३ मा प्रारम्भ गरिनेछ । वडा तथा टोलमा अति आवश्यक सन्चालन नगरि नहुने साना योजनाहरु समेत सञ्चालन गरि अत्यवश्यक सेवा प्रदान गरिनेछ । टोल टोलमा आवागमन सहजताको लागि नयाँ सडक ट्र्याक ओपन, सडक स्तर उन्नती गरि आवागमनमा सहजता प्रदान गरिनेछ जसका लागि रु.१० करोड ८९ लाख १६ हजार ३ सय २७ रुपैया बिनियोजन गरेको छु ।

**बैकल्पिक चिकित्सा तथा आयुर्वेद:** आयुर्वेद तथा बैकल्पिक चिकित्साको प्रोत्साहनका लागि स्थानीय जडीबुटी पहिचान संरक्षण तथा संरक्षण सम्बन्धी घुम्ति शिबिर, स्तनपाई आमा तथा जेष्ठनागरिकहरुका लागि निःशुल्क औषधी खरिद, बृहत योग शिबिर सञ्चालन गरि आयुर्वेद शिक्षाको चेतना अभिबृद्धि गरिनेछ, जसका लागि रु. ५ लाख रुपैया बिनियोजन गरेको छु ।

**वन, वातावरण तथा बिपद ब्यस्थापन:** सिलीचोङ गाउँपालिका बिपदबाट अत्यन्तै प्रभावित क्षेत्रको रुपमा रहेको छ । मनसुन जन्य विपद, आगालागि जन्य बिपद, चट्याङ जन्य बिपद, जंगली जनावरबाट प्रभावित जस्ता बिपद जन्य बिपदबाट क्षती भएका भौतिक पुर्वाधार पुनर्निर्माण, विपद राहत अनुदान, बिपद उद्दार सामाग्री खरिद तथा वन तथा वातावरण प्रबर्धनका लागि रकम रु.२३ लाख रुपैया बिनियोजन गरेको छु ।

**अपांगता रोकथाम तथा पुनःस्थापना कार्यक्रम:** अपांगता रोकथाम तथा पुनर्स्थापनाका लागि अपांता भएका बिद्यार्थीहरुलाई शैक्षिक सामाग्री खरिद तथा वितरण, अन्तराष्ट्रिय अपांगता दिवश, सहयोगी सामाग्री खरिद तथा वितरण, अपांता परिचयपत्र छपाई मेशिन खरिद, स्वास्थ्य संस्थामा गर्भवती महिलाहरुको दर्ता अध्यवधिकका लागि लाग्ने सुचना संचार खर्च लगायत खर्चका लागि रकम रु. ९ लाख ७ हजार रुपैया बिनियोजन गरेको छु ।

**सार्वजिनक सेवा तथा क्षमता बिकास**ः सार्वजनिक सेवा मार्फत जनता सामु पुर्याउनु पर्ने सेवा सरल चुस्त, दुरुस्त जनमुखी,पारदर्शी तथा जवाफ देहिता बनाउनको लागि आवश्यक ईन्टरनेट ब्यवस्था तथा महशुल, सफ्टवेयर परामर्श निर्माण तथा शुल्क तथा नविकरण, SSI लाईसेन्स नविकरण सुचना तथा प्रणाली खर्च, मसलन्द तथा कार्यालय संचालन खर्च, ब्याहुलोडर मर्मतको लागि मोबिल लगायत सन्चालन खर्च कर्मचारी तथा जनप्रतिनिधीहरुको तलव भत्ता कार्यालय सञ्चालनको लागि आवश्यक रकम रु. ६ करोड ९९ लाख ३६ हजार रुपैया बिनियोजन गरेको छु।

**लैंगिक समानता र सामाजिक समावेशिकरण**ः समता मुलक, समावेशी, सहभागीतात्मक रुपमा पालिकालाई अगाडी वढाउनका लागि लैंगिक सामाजिक समावेशीकरणको सिद्धान्तलाई अंगिकार गरि योजना तथा कार्यक्रम राखी कार्यन्वय गरिनेछ जसका लागि लैंगिक हिंसाबिरुद्धको १६ दिने अभियान, बाल विवाह न्युनिकरण सम्बन्धी समुदाय सचेतना कार्यक्रम, मानव स्वास्थ्यमा अति आवश्यक आयोडिन आपुर्तीका लागि निःशुल्क नुन वितरण, दलित महिला लक्षित उच्च शिक्षा तथा प्राविधिक शिक्षा सहयोग कार्यक्रम, नयाँ कानून निर्माण तथा मौजुदा कानून संशोधनका लागि परामर्श खरिद, झो.पु. संरक्षक सेवा सुबिधा उपभोक्ता समिति, टोल संयोजक वडा योजना संचालन तथा फरफारक सम्बन्धी अभिमुखीकरण तालिम, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग साझेदारी कोष, अन्तराष्ट्रिय श्रमिक नारी दिवश जस्ता कार्यक्रम सञ्चालनका लागि रु.१ करोड ४० लाख ५ हजार रुपैया बिनियोजन गरेको छु।

**युवा तथा खेलकुद बिकास**ः स्वास्थ्यको लागि खेलकुद राष्ट्रको लागि खेलकुद भन्ने नारालाई सार्थक बनाई युवाहरुलाई खेलकुदको माध्मयबाट शारीरिक, मानसिक तथा संबेगात्मक बिकास गर्न अपरिहार्य मानिन्छ। खेलकुद बिकासको लागि भौतिक पुर्वाधार निर्माण अन्तर्गत पालिका स्तरीय वहु आयमिक ब्यडमिन्टन कवडहल, प्रदेश सरकार संगको साझेदारीमा बेन्छोङ खेल मैदान स्तर उन्नती योजना सञ्चालन गरिनेछ। पालिका स्तरीय वहुआयमिक ब्यडमिन्टन कवडहल, प्रदेश सरकार संगको साझेदारीमा बेन्छोङ खेल मैदान स्तर उन्नती योजनाहरु भौतिक पुर्वाधार बिकास तर्फ बिनियोजन गरिएको छ भने खेलकुद कार्यक्रम सञ्चालनका लागि रु.१८ लाख बिनियोजन गरेको छु।

धन्यवाद

देविता राई
उपाध्यक्ष
सिलीचोङ गाउँपालिका-३, सङ्खुवासभा।
मितिः२०८२।०३।३१